# सरकारी वार्ता टोली र सरकारी तथा संस्थान सवारी चालक एशोसियशन तथा राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका बीच भएको सहमति

| २०६४ आषाढ २६ गते भएको छलफलको आधारमा २०६४ आषाढ २७ मा सम्पन्न सहमति |
|---|

**सरकारी वार्ताटोली र सरकारी तथा संस्थान सवारी चालक एशोसियशन तथा राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका संयुक्त वार्ता टोलीबीच छलफल भई देहाय बमोजिम सहमति भएको छ ।**

१. सरकारी वार्ता टोलीको तर्फबाट एशोसियशन र केन्द्रले प्रस्तुत गरेका मागहरूलाई सकारात्मक रूपमा लिई एशोसियशन र केन्द्रले व्यक्त गरेको आशंका निवारण गर्न निजहरूले साविकमा खाइपाई आएको तलव सुविधामा भविष्यमा गरिने निर्णयले कुनै फरक नपार्ने कुरा आश्वस्त पारियो । साथै, भविश्यमा तहगत प्रणालीमा निजामती सेवालाई रूपान्तरण गर्दा सरोकारवालाहरूको राय समेत लिई न्यायोचित ढंगले समायोजन गरिनेछ ।

२. करार सेवा निर्देशिका २०५९ लाई समसामयिक वनाउन साविक निर्देशिका पुनरावलोकन गरी श्रेणी विहीन कर्मचारीहरूको स्थगित स्थायी दरवन्दी खुला गर्ने सम्बन्धमा र वृत्ति विकास हुने तालिम, अध्ययन लगायतका विषयमा सुधारका क्षेत्रहरू सरकार समक्ष
सुझाव प्रस्तुत गर्न देहायअनुसारको कार्यदल गठन गर्ने :-

| | |
|---|---|
| सह सचिव, सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| उपसचिव, अर्थमन्त्रालय | सदस्य |
| उपसचिव, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |

उक्त कार्यदलले आफ्नो प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित पक्षको राय परामर्श समेत लिने ।

३. निजामति कर्मचारी सेवा, सुविधा लगायत बृत्ति विकासका विषयमा भविष्यमा गठन गरिने कार्यदल वा समिति वा अन्य यस्तै प्रकारका पक्षमा गरिने सिफारिसको हकमा सम्वन्धित सरोकारवाला पक्ष वा प्रतिनिधिसँग आवश्यक परामर्श गरी गरिने छ ।

४. अन्त्यमा सरकारी तथा संस्थान सवारी चालक एशोसियसन र राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रको तर्फबाट जारी भएको विरोध र आन्दोलनका सम्पूर्ण कार्यक्रम आजैका मितिदेखि फिर्ता लिने समेतको सहमति भयो ।

| | | |
|---|---|---|
| .................. | ...................... | .................. |
| (शरणकुमार गुरूङ) | (कृष्ण भण्डारी) | (रामचन्द्र पौडेल) |
| संयोजक | अध्यक्ष | संयोजक |
| संयुक्त वार्ताटोली | राष्ट्रिय स्वतन्त्र कर्मचारी | सरकारी वार्ताटोली |
| मिलन केन्द्र | | |

२०६४/०३/२७ गते



This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com